# पाकिस्तान अध्ययन भ्रमण प्रतिवेदन

# २०७२




**प्रस्तोता**

उपसचिव श्री देशबन्धु अधिकारी, निर्वाचन आयोग

जि.नि.अ. श्री लक्ष्मु शर्मा, जिल्ला निर्वाचन कार्यालय, पर्वत

२०७२ पौष ३०

*अध्ययन भ्रमणदलका पदाधिकारी,कर्मचारी*

माननीय का.वा. प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव

उपसचिव श्री देशबन्धु अधिकारी

जि.नि.अ. श्री लक्षु शर्मा ( जि. नि. का. पर्वत)

## विषय सूची


| क.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | अध्ययन भ्रमणको महत्व | २ |
| ३. | अध्ययन भ्रमणको उद्देश्य | २ |
| ४. | पाकिस्तानको संक्षिप्त परिचय | ३ |
| ५. | संघीय संरचनाको स्वरुप | ३ |
| ६. | निर्वाचन आयोग पाकिस्तानको गठन र काम, कर्तव्य | ४ |
| ७. | आयोगको साङ्गठनिक संरचना | ५ |
| ८. | जनशक्ति व्यवस्थापन | ६ |
| ९. | मतदाता दर्ता र नामावली छपाई | ६ |
| १०. | पाकिस्तानको निर्वाचन आयोगबाट सञ्चालन गरिने निर्वाचन | ८ |
| ११. | मतपत्र व्यवस्थापन (छपाई र वितरण) | १२ |
| १२. | सामग्री व्यवस्थापन | १३ |
| १३. | मतदाता शिक्षा | १३ |
| १४. | आचार संहिता कार्यान्वयन | १४ |
| १५. | मतदान केन्द्रको निर्धारण | १४ |
| १६. | निर्वाचन मितिको घोषणा र सञ्चालन | १४ |
| १७. | निर्वाचन व्यवस्थापन प्रक्रिया | १५ |
| १८. | निर्वाचन ट्रिव्यूनलको गठन | १६ |
| १९. | अध्ययन भ्रमणबाट प्राप्त सिकाई | १६ |
| २०. | विविध | १८ |
| २१. | अनुसूचीहरु | २१ |
| २२. | तस्वीरहरु | २६ |

## १. पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै मुलुकलाई विभिन्न ७ वटा प्रदेशमा संगठित गरेको छ । संविधानले राज्यलाई संघ, प्रदेश र स्थानीय तहगरी तीन तहमा पुर्नसंरचना गरेको छ। आवधिक निर्वाचन र वालिग मताधिकार संविधानको प्रस्तावनामा नै उल्लेख भएको प्रस्तुत संविधानले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद, प्रदेशसभा र स्थानीयतहको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको गुरुत्तर जिम्मेवारी निर्वाचन आयोगलाई सुम्पिएको छ । यसबाहेक निर्वाचन प्रयोजनका लागि मतदाता नामावली संकलन गर्ने र राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने जिम्मेवारी समेत आयोगमा रहेको छ । संविधानका विभिन्न धारामा निर्वाचनका सम्बन्धमा देहायको व्यवस्था गरिएको छ।

संविधानले विभिन्न संवैधानिक निकायको प्रदेश तहको संरचनाका सम्बन्धमा समेत व्यवस्था गरेको भएपनि निर्वाचन आयोगको हकमा यो व्यवस्था गरेको छैन । तर निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि प्रदेश र जिल्लातहमा समेत आयोगको आफ्नै स्थायी संरचनाको उपस्थिति आवश्यक हुन्छ। यसका लागि आयोगको वर्तमान सांगठनिक संरचनामा समयानुकूल परिवर्तन गर्न एक प्राविधिक समिति गठन भई कार्य अगाडि बढिरहेको छ।

संघीयताको अभ्यास हाम्रो लागि नौलो विषय हो। संविधानले संघीय संसद, प्रदेशसभा र स्थानीय तह गरी राज्यलाई तीन तहमा पुर्नसंरचित गरेको छ। यी तहको निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली तय गरेको छ । संघीय संसद र प्रदेश सभामा विभिन्न समुदायको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी महिलाको प्रतिनिधित्व ३३ प्रतिशत हुनुपर्ने व्यवस्था समेत गरेको छ। यस सन्दर्भमा निर्वाचन व्यवस्थापन र सञ्चालनलाई अझ बढी प्रभावकारी र व्यवशायिक ढंगले सम्पन्न गर्न सघाउ पुगोस भन्ने अभिप्रायले आयोगका उच्च अधिकारी र विभिन्न तहका अधिकृत कर्मचारीहरुबाट संघीयताको अभ्यास गरिरहेका विभिन्न मुलुकको भ्रमण गरी ज्ञान र अनुभव हासिल गर्ने उद्देश्यले आयोगको मिति २०७२।८।४ को निर्णयानुसार माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवज्यूको नेतृत्वमा आयोगका उपसचिव देशबन्धु अधिकारी र जिल्ला निर्वाचन कार्यालय,पर्वतका जिल्ला निर्वाचन अधिकारी लक्षु शर्मा सम्मिलित तीनजनाको भ्रमण दलले यही सन् २०१५ को डिसेम्बर २५ देखि ३१ सम्म मित्रराष्ट्र पाकिस्तानको निर्वाचन आयोगको अध्ययन भ्रमण सम्पन्न गरेको छ।

## २. अध्ययन भ्रमणको महत्व

नेपाल र मित्र राष्ट्र पाकिस्तान सन् १९५० को दशकदेखि नै असल छिमेकीको रुपमा रहदै आएका छन् । दक्षिण एशियाली राष्ट्रहरुको साझा क्षेत्रीय संगठन SAARC एवम् दक्षिण एशियाली राष्ट्रका निर्वाचन व्यवस्थापन निकायहरुको साझा मञ्च Forum of the Election Management Bodies of South Asia (FEMBoSA) मा आवद्ध रहेका कारण दुवै मुलुकहरु क्षेत्रीय सहयोग र निर्वाचन व्यवस्थापन लगायतका अनेकौं मामिलामा आपसमा जानकार रहदै आएका छन् ।

लामो समयदेखि संघीय शासन प्रणालीको अभ्यास गर्दै आएको पाकिस्तानको निर्वाचन व्यवस्थापन र सञ्चालनको अनुभव हाम्रो जस्तो भर्खरै संघीयतामा प्रवेश गरेको मुलुकका लागि सहयोगी हुनसक्ने भएकोले उक्त मुलुकले लामो समयसम्मको निर्वाचन अभ्यासबाट आर्जन गरेको ज्ञान र अनुभव हाम्रा लागि समेत लाभदायक हुने देखिन्छन् ।

यसै सिलसिलामा तत्कालिन निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरुङको नेतृत्वमा माननीय निर्वाचन आयुक्त श्री इला शर्मा र आयोगका तीनजना अधिकृतहरु श्री भेषराज रिजाल, ऋषिराम भुसाल र प्रदीप भट्टराईबाट गत वर्ष भएको अध्ययन भ्रमण पनि स्मरणीय छ ।

यी अध्ययन भ्रमणले दुई मुलुकका निर्वाचन आयोगबीचको सम्बन्धलाई थप निकट र अझ बलीयो बनाएको छ । हाम्रो भ्रमणको क्रममा पाकिस्तानको निर्वाचन आयोगबाट आगामि दिनमा समेत यस प्रकारको सहयोग निरन्तर रहने प्रतिवद्धता प्रकट भएको छ ।

समष्टिमा अध्ययन भ्रमणले आयोगका उच्च अधिकारीहरुलाई निर्वाचनसंग सम्बन्धित विभिन्न नीतिगत विषयबारे आपसी अनुभव आदान प्रदान को अवसर प्राप्त भएको छ भने कर्मचारीहरुमा निर्वाचन व्यवस्थापनसम्बन्धी क्षमताको अभिवृद्धिमा सघाउ पुगेको छ ।

## ३. अध्ययन भ्रमणको उद्देश्य

अध्ययन भ्रमणको उद्देश्य देहाय बमोजिम रहेको छ,

(क) संघीय शासन प्रणाली अपनाएको मुलुक पाकिस्तनाको निर्वाचन आयोगको संरचना एवम् निर्वाचन क्रियाकलापको व्यवस्थापन र सञ्चालनमा तिनको जिम्मेवारीबारे जानकारी प्राप्त गर्ने ,

(ख) निर्वाचन व्यवस्थापन र सञ्चालनका आधारभूत पक्षको रुपमा रहने मतदाता दर्ता, मतदान केन्द्रहरुको व्यवस्थापन, विभिन्न तहको निर्वाचनको सञ्चालन, निर्वाचन

सामग्रीको व्यवस्थापन, निर्वाचन प्रणाली लगायतका क्षेत्रमा पाकिस्तानको निर्वाचन आयोगले अवलम्बन गरेका असल अभ्यासहरुको जानकारी प्राप्त गर्ने,

(ग) संघीयतामा निर्वाचनको सञ्चालन र व्यवस्थापनका लागि पाकिस्तानको निर्वाचन आयोगले गरेका विभिन्न अभ्यास हाम्रो मुलुकको सन्दर्भमा कति सान्दर्भिक छन् सोको अध्ययन गरी उपयुक्त अभ्यासहरु अवलम्बन गर्न सुझाव गर्ने,

(घ) दुई देशका निर्वाचन व्यवस्थापन निकायबीचको सम्बन्धलाई थप बलियो र फलदायी बनाउने ।

## ४. पाकिस्तानको संक्षिप्त परिचय

अगस्त १४, १९४७ मा जन्मिएको इस्लामिक गणतन्त्र पाकिस्तानका जन्मदाता मोहम्मद अलि जिन्ना हुन । जिन्ना पाकिस्तानका राष्ट्रपिता समेत हुन । ७ लाख ९६ हजार ९६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो मुलुकको जनसंख्या (सन् १९९८ को जनगणना अनुसार) करीब १३ करोड २० लाख रहेको छ । हाल यो संख्या करीब १९ करोड पुगेको अनुमान गरिएको छ ।

पाकिस्तान संघीय इश्लामिक गणतान्त्रिक मुलुक हो । यसमा पञ्जाब, सिन्ध, खैबर पख्तुन क्वा (Khyber Pakhtun Khwa) र बलुचिस्तान गरी चार प्रान्त रहेका छन् । यस बाहेक राजधानी शहर इश्लामावादलाई अलग्गै संघीय क्षेत्रको रुपमा राखिएको छ । पाकिस्तानकै भूमिमा अलग्गै आजाद काश्मिर क्षेत्र समेत रहेको छ ।

पाकिस्तान इश्लामिक गणतन्त्र हो । तर यहाँ शिख, क्रिश्चियन र हिन्दू धर्मका मानिसको समेत बसोबास रहेको छ । सबैभन्दा धेरै संख्या मुस्लिम धर्मावलम्बीको छ । यो संख्या करिब ९५% छ । यसैगरी शिख, हिन्दू लगायत अन्य धर्मावलम्बीको संख्या करीब ५% रहेको छ । पाकिस्तानको राष्ट्रिय भाषा उर्दू र कार्यालयीय भाषा उर्दू एवम अङ्ग्रेजी हो । पाकिस्तानका प्रमुख शहरहरूमा इस्लामावाद, कराँची, लाहोर, पेशावर, क्वेटा, फैजलावाद, मुल्तान आदि हुन् । यहाँको साक्षरता प्रतिशत करीब ५३% रहेको छ ।

## ५. संघीय संरचनाको स्वरुप

पाकिस्तानमा संघ, प्रान्त र स्थानीय सरकार गरी तीन तहको संघीय संरचना रहेको छ । पञ्जाब, सिन्ध, खैवर पख्तुन क्वा र बलुचिस्तान गरी ४ प्रान्त रहेका छन् । प्रत्येक प्रान्तका स्थानीय सरकारको सञ्चालनका लागि अलग्गै कानूनी व्यवस्था रहेको र तिनका नाम, तह समेत फरक फरक छन् । जस्तै पञ्जाव प्रान्तमा स्थानीय तहमा रुरल र अर्वान गरी छुट्याइएको छ । अर्वानको

सबैभन्दा तल्लो तहमा चार वटा वडा भएको यूनियन कमिटी, त्यसभन्दा माथिल्लो तहमा डिस्ट्रिक्ट म्यूनिसिपल कर्पोरेशन र सबैभन्दा माथिल्लो तहमा मेट्रोपालिटन कर्पोरेशन रहन्छन् । रुरलमा वार्ड र यूनियन काउन्सील रहन्छ । स्थानीय तहको नाम, त्यसमा रहने वडाको संख्या र तह प्रान्त अनुसार अलग अलग छ ।

## ६. निर्वाचन आयोग पाकिस्तानको गठन र काम, कर्तव्य

### (क) निर्वाचन आयोगको गठन

पाकिस्तानको निर्वाचन आयोग एक स्वतन्त्र संवैधानिक निकाय हो । निर्वाचन आयोगमा एकजना प्रमुख निर्वाचन आयुक्त र चार जना सदस्य आयुक्त (Member commissioner ) रहने व्यवस्था छ ।

प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको नियुक्तिको लागि संसदमा विपक्षी दलको नेताको परामर्शमा प्रधानमन्त्रीले प्रत्येक पदका लागि संभाव्य तीन जनाको नाम संयुक्त संसदीय समितिमा पठाउछन् । उक्त नामहरुका सम्बन्धमा विपक्षी दलको नेता र प्रधानमन्त्रीबीच मतैक्यता नभएमा दुवैजनाले फरक-फरक सूची पठाउन सक्ने व्यवस्था छ । संसदीय समितिले संभाव्य नामहरुका सम्बन्धमा छलफल गरी नियुक्तको लागि राष्ट्रपति समक्ष सिफारिस गरेपछि राष्ट्रपतिबाट प्रमुख निर्वाचन आयुक्त र सदस्य आयुक्तहरुको नियुक्ति हुने व्यवस्था छ ।

पाकिस्तानको सर्वोच्च अदालत वा उच्च अदालतको न्यायाधीशबाट अवकास प्राप्त व्यक्तिमात्र प्रमुख निर्वाचन आयुक्त वा आयुक्तमा नियुक्तिको लागि योग्य हुन्छन् । सदस्य आयुक्त (Member commissioner ) नियुक्त गर्दा प्रत्येक प्रान्तवाट एक जना नियुक्त गरिन्छ । तर प्रमुख आयुक्तको हकमा यो व्यवस्था लागू हुदैन ।

पाकिस्तानका प्रान्तीय निर्वाचन आयुक्तको कार्यालयमा निर्वाचन आयोगका सदस्य आयुक्त -उक्त प्रान्तबाट प्रतिनिधित्व गर्ने) को कार्यकक्ष समेत रहेको हुन्छ । सदस्य आयुक्तले निर्वाचनसम्बन्धी कामका लागि आफूले प्रतिनिधित्व गर्ने प्रान्तको भ्रमण गर्दा त्यहाँका कर्मचारी र सरोकारवालासंगको भेटघाट, छलफलका लागि यही कार्यकक्षको प्रयोग गर्छन ।

प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि नियुक्ति भएको मितिले ५ वर्षको हुन्छ । अवकाश भएको दुई वर्षसम्म अरु निकायमा सेवा गर्न योग्य हुदैनन् ।

**(ख) काम कर्तव्य र अधिकार**

निर्वाचन आयोगका मुख्य - मुख्य कार्य देहाय बमोजिम छन् :

(१) राष्ट्रपतिको निर्वाचनको सञ्चालन गर्ने,

(२) संसद (नेशनल एसेम्ब्ली र सिनेट), प्रदेश संसद (प्रोभिन्सियल एसेम्ब्ली) र स्थानीय तहको को निर्वाचन सञ्चालन गर्ने,

(३) निर्वाचनका लागि मतदाता नामावली तयार गर्ने,

(४) निर्वाचन क्षेत्र ( Constituencies/Councils/wards ) को निर्धारण गर्ने,

(५) निर्वाचनसम्बन्धी विवादको सुनुवाई र निरुपण गर्न Electoral Tribunal को गठन गर्ने ।

**७. आयोगको साङ्गठनिक संरचना**

निर्वाचन आयोग, पाकिस्तानको साङ्गठनिक संरचना चार तहको छ । केन्द्रमा निर्वाचन आयोग र आयोग अन्तर्गत सचिवालय रहेको छ । प्रत्येक प्रान्तमा प्रान्तीय निर्वाचन आयुक्तको कार्यालय, प्रत्येक ब्लकमा क्षेत्रीय निर्वाचन आयुक्तको कार्यालय र जिल्लास्तरमा जिल्ला निर्वाचन आयुक्तको कार्यालय रहन्छन् । आयोगले नीतिगत विषयमा गरेका निर्णयहरुको कार्यान्वयन सचिवालयले गर्छ । सचिवालयबाट सम्पादन हुने कामलाई जिल्ला तहसम्म विकेन्द्रित गरिएको छ । यी निकायलाई कुनै अलग्गै कानूनले कुनै अधिकार निक्षेपण गरेको नभई संविधान र कानूलने निर्वाचन आयोगलाई प्रदान गरेका अधिकारहरु आवश्यकता अनुसार तल्लो तहसम्म प्रत्यायोजन गरी कार्य सम्पादन गर्ने गरिएको छ ।

पाकिस्तानमा कर्मचारीको व्यवस्थापनमा तहगत प्रणाली रहेको छ । निर्वाचन आयोगको सचिवालयको नेतृत्व २२ औ तहका सचिवले गर्दछन । चारवटा प्रान्तमा रहेका प्रान्तीय निर्वाचन आयुक्तको कार्यालयले आफ्नो प्रान्तभित्रका क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयहरुको समन्वय गर्छ । यो कार्यालयको नेतृत्व २१ औ तहका प्रान्तीय निर्वाचन आयुक्तले गर्दछन ।

जिल्ला निर्वाचन आयुक्तको कार्यालयहरुबाट सम्पादन हुने कामको समन्वयका लागि प्रत्येक ब्लकमा क्षेत्रीय निर्वाचन आयुक्तको कार्यालय रहेका छन् । पाकिस्तानभरमा यस्ता कार्यालय २९ छन् । एउटा क्षेत्रीय निर्वाचन कार्यालयले ४ देखि ८ वटा जिल्ला निर्वाचन कार्यालयहरुको समन्वय गर्दछ । क्षेत्रीय कार्यालयको नेतृत्व १९ औ तहका क्षेत्रीय निर्वाचन आयुक्तले गर्दछन् ।

सबैभन्दा आधारभूत तहमा रहेको कार्यालय जिल्ला निर्वाचन आयुक्तको कार्यालय हो। जिल्लास्तरमा सम्पन्न गरिने निर्वाचन सम्बन्धी सम्पूर्ण क्रियाकलापको सञ्चालन र व्यवस्थापन यिनै कार्यालयबाट हुने गर्छ। पाकिस्तानभरमा यस्ता कार्यालयको संख्या १३७ रहेका छन्। जिल्ला निर्वाचन आयुक्तको कार्यालयको नेतृत्व १८ औं तहको जिल्ला निर्वाचन आयुक्तले गर्दछन। आयोगको साङ्गठनिक संरचना **अनुसूची- १** मा दिइएको छ।

## ८.जनशक्ति व्यवस्थापन

निर्वाचन आयोग पाकिस्तानको आफ्नो छुट्टै सेवा रहेको छ। तर सचिवालयको सबैभन्दा माथिल्लो तहमा रहने तह २२ को सचिव भने संघीय प्रशासन सेवाबाट खटाइन्छ। यसबाहेक अरु विभिन्न तहका कर्मचारी पनि ज्यादै सिमित मात्रामा आयोगबाट अन्य निकायको सेवामा जाने र अन्य निकायको सेवाबाट आयोगको सेवामा आउने प्रावधान छ। तर यो प्रावधान जटील हुने भएकोले त्यति धेरै अभ्यासमा भने आउदैन।

आफ्नै अलग्गै सेवा रहेकोले स्वभावतः कर्मचारी छनौट, भर्ना तथा नियुक्ति, सरुवा, बढुवा, विभागीय कारवाही, दण्ड, पुरस्कार र अवकास समेतका कर्मचारी प्रशासनको सञ्चालन सम्बन्धी कार्यको सञ्चालन निर्वाचन आयोग आफैले गर्दछ। आयोगको कर्मचारी प्रशासनको सञ्चालन केन्द्रीय सचिवालयले गर्दछ। तर तह १ देखि तह १६ ( सहायक तह) का कर्मचारीको भर्ना छनौट तथा नियुक्ति, सरुवा गर्ने अधिकार प्रान्तीय निर्वाचन आयुक्तको कार्यालय समेतलाई रहेको छ। प्रान्त, क्षेत्र, जिल्ला तहका रहेका कार्यालयको दैनिक प्रशासनका सन्दर्भमा गर्नु पर्ने कार्य र कर्मचारीको सरुवा र वृत्ति विकाससंग सम्बन्धित कतिपय विषयका अधिकार केन्द्रीय सचिवालयबाट प्रान्तीय, क्षेत्रीय कार्यालय हुदै जिल्लास्तरसम्म प्रत्यायोजन गरिन्छ। कर्मचारीहरुको तहगत वर्गीकरणको विवरण **अनुसूची-२** मा दिइएको छ।

कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम उपलव्ध गराउन आयोग मातहत अलग्गै Federal Election Academy रहेको छ। यो एकेडमिले कर्मचारीलाई सेवा प्रवेश गर्दाकै बखत दिइने आधारभूत तालिम र सेवाकालिन तालिम लगायत निर्वाचनको सञ्चालन र व्यवस्थापनसंग सम्बन्धित विषयमा तालिम प्रदान गर्ने गर्छ।

## ९.मतदाता दर्ता र नामावली छपाई

पाकिस्तानमा हाल कायम रहेको मतदाता नामावली सन् २०१३ को आमनिर्वाचनमा प्रयोग भएको नामावली हो। यो नामावलीलाई निकै शुद्ध र अद्यावधिक मानिन्छ।

मतदाता नामावलीमा दोहोरो दर्ता, अशुद्धि, काल्पनिक मतदाताकोनाम दर्ता जस्ता समस्या हटाई नामावलीलाई शुद्ध बनाउन निर्वाचन आयोगले सन् २०१२ मा अभियान नै सञ्चालन गर्‍यो । One CNIC – One Vote भन्ने नाराका साथ नागरिकको घर दैलोमै गई प्रत्येक घरलाई नम्बर दिई घरमूली लगायत मतदाता हुन योग्य नागरिकको नाम विवरण संकलन गरियो ।

पाकिस्तानमा यही समय त्यहाँका नागरिकलाई Unic ID number सहितको राष्ट्रिय परिचयपत्र वितरणको काम भइरहेको थियो । जुनसुकै सार्वजनिक सेवा प्राप्त गर्नका लागि नागरिकले अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था गरिएको थियो । आयोगले पनि यही परिचय पत्र नै प्रमुख प्रमाणको रुपमा प्रस्तुत गर्नुपर्ने गरी मतदाता नामावली संकलन गर्‍यो । National Data Regirstation Authority (NADRA ) संग रहेको डाटा वेशसंग आयोगले लिएका डाटाहरुलाई परीक्षण गरियो । मतदाताको फोटो लगायतका विवरण NADRA को डाटावेशबाटै प्रयोग गरियो र फोटो सहितको मतदाता नामावली तयार गरियो ।

मतदाता दर्ताको लागि निरन्तर दर्ता र अद्यावधिकको कार्य जिल्ला निर्वाचन आयुक्तको कार्यालयमा हुने गर्छ । १८ वर्ष उमेर पूरा गरेका र कम्प्यूटराइज राष्टिय परिचयपत्र प्राप्त पाकिस्तानी नागरिकको नाम निर्वाचनको मिति घोषणा हुनुपूर्वसम्म दर्ता गरिन्छ । निर्धारित कार्यक्रम अनुसार दावी विरोधका लागि मुलुकभरका ६५००० डिस्प्ले सेण्टरमा अद्यावधिक गरिएको प्रारम्भिक नामावलीको प्रकाशन गरिन्छ । मतदाताले डिस्प्ले सेण्टरमा गई आफ्नो नाम, विवरण शुद्ध रहे नरहेको जानकारी लिन वा मतदाता नामावलीमा समावेश भएको कुनै व्यक्तिको विषयमा दावि विरोध पेश गर्न सक्छन् । मतदाताले एस. एम.एस.बाट पनि आफ्नो नाम मतदाता नामावलीमा दर्ता रहे नरहेको र विवरण सही रहे नरहेको जानकारी प्राप्त गर्न सक्छन् । विववरण हटाउने, सच्याउने समेतका कार्य गरी NADRA संगको सहकार्यमा अन्तिम मतदाता नामावली तयार गरिन्छ । मुलुकभर NADRA का ८०० दर्ता केन्द्र रहेका छन् । अन्तिम मतदाता नामावली तयार भएपछि सोको छपाई NADRA बाट गरिन्छ ।

पाकिस्तानमा त्यहाँको सामाजिक तथा धार्मिक कारणले कतिपय क्षेत्रमा महिला र पुरुष मतदाताका लागि अलग अलग मतदान केन्द्र रहने व्यवस्था छ । केही मतदान केन्द्रमा दुवै थरी मतदाताले मतदान गर्न सक्ने गरी बुथहरु रहन्छन । एक बुथमा करीब २५० देखि ३०० मतदाताले मतदान गर्छन । मतदाता नामावली छपाई गर्दा बुथ अनुसार छुट्याई छपाई गरिन्छ ।

भ्रमणको क्रममा NADRA कार्यालयको स्थलगत भ्रमण गरी राष्ट्रिय परिचयपत्रका लागि दर्ता र परिचयपत्र तयारी प्रत्रियाकाबारे जानकारी लिइएको थियो ।

पाकिस्तानले मतदाता दर्ताका लागि विदेशस्थित दूतावास रहेका स्थानमा समेत दर्ता केन्द्रको सञ्चालन गर्ने गरेको छ । CNIC प्राप्त गरेका पाकिस्तानी नागरिकले ती निकायमा गएर नाम दर्ता गराउन सक्ने व्यवस्था छ । तर मतदानका लागि भने विदेशबाट मतदान गर्नसक्ने व्यवस्था छैन । पाकिस्तानका विभिन्न प्रान्त र क्षेत्रगत रुपमा रहेका मतदाताको संख्या देहाय बमोजिम छ ,

| प्रान्त वा क्षेत्र | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| पञ्जाव | 30,183,834 | 23,642,619 | 53,826,453 |
| सिन्ध | 11,138,133 | 8,993,159 | 20,131,292 |
| खैवर पख्तुन क्वा | 7,630,814 | 5,748,218 | 13,379,032 |
| बलुचिस्तान | 1,913,729 | 1,419,074 | 3,332,803 |
| एफ. ए. टी.ए | 1,129,470 | 593,231 | 1,722,701 |
| फेडरल एरिया | 367,960 | 312,652 | 680,612 |
| **जम्मा** | **52,363,940** | **40,708,953** | **93,072,893** |
| प्रतिशत | 56.26 | 43.74 | 100 |

## १०.पाकिस्तानको निर्वाचन आयोगबाट सञ्चालन गरिने निर्वाचन

### (क) राष्ट्रपतिको निर्वाचन

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनका लागि संघीय संसद र प्रदेश संसदका सदस्य रहेको इलेक्ट्रोरल कलेज रहेको छ । प्रत्येक प्रदेश संसदसंग ६५ मत रहने व्यवस्था छ । यो व्यवस्था अनुसार इलेक्टोरल कलेजमा देहाय बमोजि ७०६ मत रहेको छ ,

| क्र.सं. | इलेक्टोरल कलेज | मत |
|---|---|---|
| १ | सिनेटका सदस्य | १०४ |
| २ | नेशनल एशेम्ब्लीका सदस्य | ३४२ |
| ३ | प्रदेश संसद (प्रत्येक संसदबाट ६५ जनाका दरले ) | २६० |
| | **जम्मा** | **७०६** |

पाकिस्तानका चार वटा प्रदेश संसदको सदस्य संख्या फरक फरक छ । सबैभन्दा कम संख्या रहेको बलुचिस्तानको संसदमा ६५ सदस्य छन भने पञ्जाव प्रान्तको संसदमा ३७१ सदस्य छन् । बाँकी दुई प्रान्त सिन्ध र खैबर पख्तुनको संसदमा क्रमशः १६८ र १२४ सदस्य छन् ।

इलेक्टोरल कलेजमा प्रत्येक प्रदेशको मतभार ६५ हुने तर संसदमा रहने सदस्य संख्या फरक रहेकोले प्रत्येक प्रान्तीय संसदका सदस्यको मतभार फरक फरक रहेको छ । जस्तै बलुचिस्तानको संसदका प्रत्येक सदस्यको मतभार १ रहेको छ भने पञ्जावको संसदका सदस्यको मतदभार ६५/३७१ अर्थात ०.१७५२ रहेको छ ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा संघीय संसद वा प्रदेश संसदको सदस्यले उम्मेदवारी दिन पाउँछन् । निर्वाचन अधिकृतको जिम्मेवारी प्रमुख निर्वाचन आयुक्तमा रहन्छ । सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार विजयी हुन्छन् । कार्यकाल ५ वर्षको हुन्छ ।

### (ख) संसदको निर्वाचन

पाकिस्तानको संसदलाई मजलिस- ए-सोरा **(Majlis-e-Shoora)** भनिन्छ । यसको अर्थ परिषद (Council) भन्ने हुन्छ । संघीय व्यवस्थापिका दुइ सदनात्मक रहेको छ । तल्लो सदनलाई नेशनल एशेम्व्ली र माथिल्लो सदनलाई सिनेट भनिन्छ ।

### (१) नेशनल एशेम्ब्ली (तल्लो सदन) को निर्वाचन

पाकिस्तानको तल्लो सदन नेशनल एशेम्ब्लीमा कूल ३४२ सिट रहेको छ । यस मध्ये २७२ सदस्यहरु देशका २७२ निर्वाचन क्षेत्रवाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली वाट निर्वाचित हुन्छन् । ६० जना महिला र १० जना गैरमुस्लिमहरु सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् । नेशनल एसेम्ब्लीको कार्यकाल ५ वर्षको हुन्छ । तर प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले जुनसुकै बखत संसदको विघटन गर्न सक्छन् ।

समानुपातिक निर्वाचन प्रणालीको लागि दलहरुले आयोगमा उम्मेदवारको बन्दसूची पेश गर्छन । पहिलो हुने निर्वाचित हुने प्रणालीको निर्वाचनको नतिजा प्राप्त भएपछि उक्त निर्वाचनमा राजनीतिक दलले जति सिट प्राप्त गरे सोही अनुपातमा समानुपातिक तर्फको सिट प्राप्त गर्छन बन्द सूचीमा रहेका मध्येबाट विजयी उम्मेदवार छनौट गर्दा क्रमसंख्या १ बाट क्रमशः छनौट गरिन्छ । नेशनल एशेम्ब्लीमा विभिन्न प्रान्त र क्षेत्रबाट हुने प्रतिनिधित्वको संख्या देहाय बमोजिम छ ,

| प्रान्त / क्षेत्र | साधरण सिट | महिला | जम्मा सिट |
|---|---|---|---|
| वलुचिस्थान | 14 | 3 | 17 |
| के.पी. | 35 | 8 | 43 |
| पन्जाव | 148 | 35 | 183 |
| सिन्ध | 61 | 14 | 75 |
| Federally Administered Tribal Areas (FATA) | 12 | 0 | 12 |
| संघीय राजधानी क्षेत्र | 2 | 0 | 2 |
| जम्मा | 272 | 60 | 332 |
| गैर मुस्लिम | सम्पूर्ण देशभरीबाट | | 10 |
| **जम्मा** | | | **342** |

### (२) सिनेट (माथिल्लो सदन) को निर्वाचन

स्थायी सदनको रुपमा रहेको पाकिस्तानको माथिल्लो सदनमा १०४ सदस्य रहन्छन् । सिनेटका सदस्यहरु इलेक्टोरल कलेजको माध्यमवाट निर्वाचित हुने गर्दछन् । जसमा प्रत्येक प्रान्तबाट ४ जना महिला, १ जना गैर मुस्लिम र ४ जना Technocrates सहित २३ जनाका दरले जम्मा ९२ जना सदस्य प्रान्तीय सभाका सदस्यहरुको मतवाट निर्वाचित हुन्छन । FATA वाट निर्वाचित हुने ८ जना सदस्य National Assembly मा FATA वाट प्रतिनिधित्व गर्ने सदस्यहरुको मतदवाट र Federal Capital वाट निर्वाचित हुने ४ जना सदस्य ( १ जना महिला र १ जना Technocrates सहित) National Assembly मा Federal Capital मा प्रतिनिधित्व गर्ने सदस्यको मतबाट निर्वाचित हुन्छन् । सिनेटरहरुको पदावधि ६ वर्षको हुन्छ र प्रत्येक ३ वर्षमा आधा सदस्यहरुको पदावधि पूरा हुन्छ ।

## (ग) प्रदेश सभाको निर्वाचन

पाकिस्तानका प्रत्येक प्रान्तमा प्रान्तीय व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था छ। प्रदेश सभा सदस्यको निर्वाचन पनि नेशनल एशेम्ब्लीको जस्तै मिश्रित निर्वाचन प्रणाली बमोजिम सम्पन्न गरिन्छ । प्रदेश सभाको साधरण सिटमा प्रत्येक निर्वाचन क्षेत्रवाट पहिलो हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित भइ आउने सदस्य संख्याको अनुपातमा समानुपातिक प्रणाली तर्फको सिट प्राप्त हुन्छ । समानुपातिक तर्फको निर्वाचनबाट महिला र गैर मुस्लिम को प्रतिनिधित्व सुनिश्चित गरिएको छ। विभिन्न प्रान्तको प्रदेश सभामा देहाय बमोजिमका सदस्य रहने व्यवस्था छ ,

| प्रान्त | पहिलो हुने निर्वाचित हुने प्रणालीवाट निर्वाचित हुने | सूचीमा आधारित समानुपातिक प्रणाली अनुसार राजनीतिक दलले प्राप्त गरेको सिटको आधारमा निर्वाचित हुने | | जम्मा सदस्य |
|---|---|---|---|---|
| | साधरण सदस्य | महिला | गैर मुस्लिम | |
| वलुचिस्थान | 51 | 11 | 3 | 65 |
| के.पी. | 99 | 22 | 3 | 124 |
| पन्जाव | 297 | 66 | 8 | 371 |
| सिन्ध | 130 | 29 | 9 | 168 |

## (घ) स्थानीय तहको निर्वाचन

स्थानीय सरकारको निर्वाचनको लागि प्रत्येक प्रान्तका लागि अलग्गे कानूनी व्यवस्था रहेको छ। सोही कानून बमोजिम विभिन्न संरचनामा रहने पदका लागि निर्वाचन सम्पन्न हुन्छ। पाकिस्तानमा पछिल्लो पटक सन २००१ मा स्थानीय सरकारको निर्वाचन सम्पन्न भएको थियो। सन २००५ मा निर्वाचन हुनुपर्नेमा निर्वाचन सम्पन्न हुन सकेको थिएन । त्यहाँको सर्वोच्च अदालतको आदेशमा हालै सन् २०१५ को डिसेम्बरमा विभिन्न प्रान्तमा विभिन्न चरणमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ।

पाकिस्तानको स्थानीय तहमा मुख्यतः ग्रामीण क्षेत्र र नगर क्षेत्र गरी छुट्याइएको छ । ग्रामीण क्षेत्रमा वार्ड र यूनियन काउन्सीलहरु रहन्छन भने नगर क्षेत्रमा Town Committee, Municipal Committee, Municipal Corporation आदि रहन्छन । त्यसैगरी यो भन्दा माथिल्लो तहमा तहसिल र जिल्लाहरु रहन्छन् । स्थानीय तहको निर्वाचनका लागि पाकिस्तानका चारैवटा प्रान्त र क्यापिटल टेरिटोरीमा अलग अलग कानूनी व्यवस्था रहेका छन् ।

स्थानीय तहको निर्वाचनमा प्रत्यक्ष र अप्रत्यक्ष प्रणाली रहेको छ । मतदाताले प्रत्यक्ष मतदानबाट चुनेका प्रतिनिधिले पुनः महिला, युवा वा यस्तै प्रतिनिधित्व हुन नसकेका समूहका उम्मेदवारको निर्वाचन गर्छन । अप्रत्यक्ष निर्वाचनका लागि समेत आवश्यकता अनुसार मतपत्रको प्रयोग हुन्छ । पञ्जावमा हाम्रो भ्रमणका समयमा प्रत्यक्ष निर्वाचन सम्पन्न भई अप्रत्यक्ष निर्वाचनका लागि कार्य प्रारम्भ भएको थियो । स्थानीय सरकारको निर्वाचनका लागि मुख्यतः देहायका कानून विद्यमान रहेका छन्,

(१) पाकिस्तानको संविधान

(२) पन्जाव स्थानीय सरकार ऐन, २०१३

(३) सिन्ध स्थानीय सरकार ऐन, २०१३

(४) बलुचिस्तान स्थानीय सरकार ऐन, २०१३

(५) खैवर पख्तुन्वा स्थानीय सरकार ऐन, २०१३

(६) इस्लामिक क्यापिटल टेरिटोरी स्थानीय सरकार ऐन, २०१५

## ११. मतपत्र व्यवस्थापन (छपाई र वितरण)

निर्वाचन आयोगले संघीय संसदको तल्लो सदन नेशनल एसेम्ब्ली र प्रदेश सभाको निवाचन एकै दिन सम्पन्न गर्छ । नेशनल एशेम्ब्लीको निर्वाचनका लागि सेतो र प्रदेश सभाको निर्वाचनका लागि फिक्का हरियो रंङको मतपत्र प्रयोग गरिन्छ ।

मतपत्रको छपाई सरकारी स्वामित्वमा रहेको पाकिस्तान प्रिण्टिङ कर्पोरेशनबाट हुन्छ । निर्वाचन अधिकृतले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको फारामको स्क्यान कपि प्रिण्टिङ प्रेसमा पठाइन्छ । प्रेसमा मतपत्र व्यवस्थापनको जिम्मेवारी सहित आयोगका अधिकृतहरु समेत खटाइएको हुन्छ । ती कर्मचारीको रोहवर र सहयोगमा प्रिण्टिङ कर्पोरेशनले मतपत्रको डिजाइन गर्छ । आयोगबाट मतपत्रको डिजाइन स्वीकृत भई छपाई गर्ने संख्याको जानकारी प्राप्त भएपछि मतपत्र

छपाइ गरिन्छ । छपाई गरिएका मतपत्रहरु आयोगबाट सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पठाइन्छ ।

पाकिस्तान प्रिण्टिङ कर्पोरेसनका शाखाहरु लाहोर र  कराचीमा समेत रहेका छन् । कराचीमा रहेको प्रेसको क्षमता नोटको छपाई गर्ने तहको छ । निर्वाचनका लागि मतपत्रको छपाइ गर्ने कार्य यी प्रेसबाट समेत गरिन्छ ।  भ्रमणको क्रममा इश्लामावाद स्थित प्रिण्टिङ कर्पोरेशनको समेत स्थलगत भ्रमण गरी मतपत्रको डिजाइन, छपाई, प्याकिङ र ढुवानी प्रक्रियाबारे जानकारी प्राप्त गरिएको थियो ।

## १२. सामग्री व्यवस्थापन

निर्वाचनको लागि आवश्यक निर्वाचन सामग्री मध्ये अधिकांश सामग्रीको खरिद र व्यवस्थापन केन्द्रीय सचिवालयबाट गरिन्छ । निर्वाचन सामग्रीहरु केन्द्रबाट प्रोभिन्सियल इलेक्सन कमिश्नरको कार्यालयमा पठाइन्छ । उक्त कार्यालयले रिजनल इलेक्सन कमिश्नरको कार्यालय र डिस्ट्रिक्ट इलेक्सन कमिश्नरको कार्यालय समेतसंग समन्वय गरी निर्वाचन अधिकृतको कार्यालयमा पठाइन्छ । निर्वाचन अधिकृतले मतदान केन्द्रमा खटिने कर्मचारीहरुलाई सामग्री उपलब्ध गराउँछन् ।

आफ्नो प्रोभिन्सका लागि आवश्यक हुने खाम, कागज, फायल, ग्लुस्टिक जस्ता सामान्य प्रकृतिका स्टेसनरी सामान प्रोभिन्सियल इलेक्सन कमिश्नरको कार्यालयले समेत खरिद गरी व्यवस्थापन गर्छ । जिल्ला स्तरमा जिल्ला निर्वाचन आयुक्तले सामाग्री ढुवानीमा समन्वयकारी भूमिकामात्र निर्वाह गर्छन ।

## १३.मतदाता शिक्षा

पाकिस्तानमा मतदाता शिक्षा कार्यक्रमको सञ्चालनमा लागि IFES , UNDP जस्ता अन्तराष्ट्रिय विकास साझेदार संस्थाको सहयोग रहदै आएको छ । निर्वाचन आयोग, प्रोभियन्सियल इलेक्सन कमिश्नरको कार्यालय, क्षेत्रीय निर्वाचन आयुक्तको कार्यालय, जिल्ला निर्वाचन अयुक्तको कार्यालयहरुले विकास साझेदार संस्थाहरुसंग समन्वय गरी निर्वाचन शिक्षाका कार्यक्रमहरु मतदाताको घरदैलो सम्म पुऱ्याउने कार्य गर्दछन । जिल्लातहमा जिल्ला निर्वाचन आयुक्तको संयोजकत्वमा जिल्ला मतदाता शिक्षा समिति गठन गरी मतदाता र निर्वाचन शिक्षाका कायक्रमहरु सञ्चालन गरिएका छन् । यस बाहेक रेडियो, टेलिभिजन, पत्रपत्रिकाबाट पनि  मतदाता शिक्षा सामग्रीको प्रसारण र प्रकाशन गरिन्छ । आयोगले मतदाता शिक्षा र तालिम समेतलाई उपयोगी हुने गरी विभिन्न भिडियो सामग्री उत्पादन र वितरण गरेको छ । यसबाहेक निर्वाचन शिक्षा र मतदाता

शिक्षालाई लक्षित गरी बिल बोर्ड, होर्डिङ बोर्ड, मिडिया क्याम्पेन, रेडियो नाटक, पर्चा, पोस्टर, पाप्लेट, अडियो भिडियो सामग्री प्रयोगमा ल्याउने गरेको छ ।

## १४. आचार संहिता कार्यान्वयन

निर्वाचनलाई स्वच्छ र स्वतन्त्र रुपमा संचालन गर्नको लागि पाकिस्तानको निर्वाचन आयोगले Code of Conduct for Media, Code of Conduct For Observer, Code of Conduct for Political Party को निर्माण गरी कार्यान्वयन गरेको छ । आचार संहिताको पालनालाई कडाइका साथ अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

## १५. मतदान केन्द्रको निर्धारण

निर्वाचनका लागि मतदान केन्द्रको निर्धारण गर्न निर्वाचन आयोगले निश्चित मापदण्ड तयार गरी जिल्ला निर्वाचन आयुक्तको कार्यालयलाई मतदान केन्द्रको अद्यावधिक विवरण तयार गर्न निर्देशन दिन्छ । आयोगबाट प्राप्त निर्देशन र मापदण्ड बमोजिम मतदान केन्द्रको निर्धारण गरी अद्यावधिक सूची तयार गरिन्छ ।  मतदान केन्द्र निर्धारण गर्दा महिला मतदाता र पुरुष मतदाताका लागि अलग अलग र केही मतदान केन्द्रमा दुवै मतदाताले मतदान गर्ने गरी विभिन्न बुथहरु रहन्छन ।

मतदान केन्द्र निर्धारण गर्दा सामान्यतः सरकारी भवनमा रहने गरी बहुसंख्यक मतदातालाई पायक पर्ने र विभिन्न भौतिक पूर्वाधार जस्तै विद्युत, टेलिफोन आदिको राम्रो सुविधा भएका भवनहरु छनोट गरिन्छ । सामान्यतया मतदातालाई दुई कि.मि. भन्दा बढी हिडनु नपर्ने गरी एक स्थलमा वढिमा एक हजार मतदाताको लागि एउटा मतदान स्थल तय गरिन्छ । मतदान कार्यलाई व्यवस्थित गर्न मतदानको प्रक्रिया कोठाभित्रै सम्पन्न गर्न सक्ने गरी व्यवस्थापन गरिन्छ । मतदान केन्द्र निर्धारण गर्दा एकै स्थलमा एकभन्दा बढी केन्द्र र एकै केन्द्रमा एकभन्दा बढी बुथ रहन सक्छन् ।

पाकिस्तानभर हाल  ६९ हजार आठ सय एक मतदान स्थल र, १ लाख ९३ हजार ४५९ मतदान केन्द रहेका छन् ।

## १६.निर्वाचन मितिको घोषणा र सञ्चालन

पाकिस्तानको संविधानले आवधिक निर्वाचनलाई केही हदसम्म सुनिश्चित गरेको छ । संविधानको आर्टिकल २२४ ले नेशनल एसेम्ब्ली र प्रोभिन्सियल एसेम्ब्लीको निर्वाचन ती निकायको कार्यकाल समाप्त भएको ६० दिनभित्र र विघटन भएको अवस्थामा ९० दिनभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था गरेको छ ।

निर्वाचनको मिति घोषणा राष्ट्रपतिबाट हुन्छ । निर्वाचनको मिति घोषणा पश्चात निर्वाचन अयोगवाट प्रत्येक जिल्लामा डिस्ट्रिक्ट रिटर्निङ अफिसर र उक्त जिल्लाका निर्वाचन क्षेत्रमा रिटर्निङ अफिसर, र असिस्टेण्ट रिटर्निङ अफिसरको नियुक्ति गरिन्छ ।

### १७. निर्वाचन व्यवस्थापन प्रक्रिया

निर्वाचन व्यवस्थापनका प्रक्रिया मूलतः निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चातको अवधि गरी तीन तहमा हुने गरेको छ ।

निर्वाचन पूर्वका तयारीका कार्य निर्वाचन आयोग र निर्वाचन अधिकृतको कार्यालयबाट सम्पन्न गरिन्छन् । निर्वाचन आयोगले निर्वाचन अधिकृतको नियुक्ति, तालिम, निर्वाचन अधिकृतको कार्यालय स्थापना, मतदाता नाममावलीको तयारी एवंम छपाई र ढुवानी, निर्वाचन सामाग्री खरिद प्याकिङ तथा ढुवानी, मतपत्र छपाई र ढुवानी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन, आचारसंहिताको कार्यान्वयन र अनुगमन कार्यको व्यवस्थापन  जस्ता कार्य गर्दछ ।

निर्वाचनको तयारीको सिलसिलामा निर्वाचन अधिकृतले मतदान केन्द्रको सूची अद्यावधिक गर्ने, जनशक्ति प्राप्ति र तालिम, निर्वाचन कार्यक्रमको सञ्चालन, मतपत्र लगायत निर्वाचन सामग्रीको प्राप्ति र वितरण, आचारसंहिता कार्यान्वयनको अनुगमन जस्ता कार्य गर्दछन् । निर्वाचन अधिकृतले अति आवश्यक अवस्थामा मतदान केन्द्रको थप,घट वा परिवर्तन गर्न सक्छन ।

मतदानको दिन मतदान सञ्चालनको लागि महिलाहरुले मात्र मतदान गर्ने गरी तोकिएका मतदान केन्द्रमा सबै कर्मचारी महिला नै खटाइन्छ । एक मतदान बुथमा ३ जना कर्मचारी खटिन्छन् । पहिलो कर्मचारीले नाम रुजु गरी औंलामा नउड्ने मसी लगाइदिन्छन, दोस्रो कर्मचारीले नेशनल एसेम्ब्लीको लागि निर्धारित मतपत्र र तेस्रो कर्मचारीले प्रोभियन्सियल एसेम्ब्लीको लागि निर्धारित मतपत्र दिन्छन् । स्थानीय तहको निर्वाचनमा मतपत्रको संख्या अनुसार प्रत्येक मतपत्र दिन एकजना कर्मचारी खटाइएको हुन्छ । महिला कर्मचारीमात्र खटिने केन्द्रमा सहयोगका लागि थप एकजना कर्मचारी समेत खटाउने व्यवस्था छ ।

मतदान क्रियाकलापहरु राजनीतिक दलका प्रतिनिधिको रोहबरमा सम्पन्न गरिन्छन् । मतदान कार्य समाप्त भएपछि मतदान केन्द्रमा नै गणना गरी नतिजा विवरण निर्वाचन अधिकृतको कार्यालयमा पठाइन्छ । सम्पूर्ण केन्द्रबाट  निर्वाचन परिमाण प्राप्त भए पश्चात  निर्वाचन अधिकृतले अन्तिम निर्वाचन परिमाण घोषणा गरी निर्वाचन आयोगमा पठाउने व्यवस्था छ । नतिजाको जानकारीको लागि एण्ड्रोइड मोवाइल एप्लिकेशन बाट सञ्चालन हुने गरी रिजल्ट ट्रान्समिशन सिस्टम समेत विकास गरिएको छ ।

मतदान कार्य सम्पन्न भई नतिजा प्राप्त भएपछि निर्वाचन अयोगले सूचीमा आधारित समानुपातिक प्रणाली बमोजिम निर्वाचित हुने सिटका लागि सिट बाँडफाँडको कार्य गर्दछ । यस बाहेक निर्वाचनसंग सम्बन्धित गुनासाहरुको सुनुवाई पनि यही चरणमा हुने गर्छ ।

## १८ .निर्वाचन ट्रिव्यूनलको गठन

सिनेट, राष्ट्रिय सभा, प्रान्तीय सभा तथा स्थानिय निकायहरुको निर्वाचन सम्वन्धी उजुरीहरुको सुनाईको निमित्त निर्वाचन आयोगले प्रधान न्यायाधीशसंगको समन्वयमा उच्च न्यायलयका पूर्व वा वर्तमान न्याधीशहरु मध्येवाट Election Tribunal गठन गर्ने व्यवस्था छ । यसले निर्वाचनको विषयमा परेका उजुरीहरुको छानविन गरी निर्णय दिन्छ ।

## १९. अध्ययन भ्रमणबाट प्राप्त सिकाई

संघीयताको अभ्यास गरिरहेको निर्वाचन आयोग पाकिस्तान भौगोलिक हिसावमा हामी भन्दा निकै ठूलो मुलुक हो । हाम्रो मुलुकको कूल जनसंख्याको झण्डै तेव्वर संख्याका मतदाता रहेको मुलुकमा निर्वाचनको व्यवस्थापन साच्चिकै एक महत्वपूर्ण र चुनौतिपूर्ण कार्य समेत हो । आयोगको संरचना, कर्मचारी व्यवस्थापन, मतदाता दर्ता , मतपत्र लगायतका सामग्री व्यवस्थापन, मतदान प्रक्रियाको सञ्चालन, नतिजा प्रकाशन जस्ता केही महत्वपूर्ण गतिविधिमा पाकिस्तानले अपनाइ रहेका असल अभ्यासहरुलाई दृष्टिगत गर्दा हाम्रो सन्दर्भमा पनि देहायको व्यवस्था गर्न सके निर्वाचन सञ्चालन र व्यवस्थापनको कार्य थप प्रभावकारी हुने देखिन्छ ,

1. पाकिस्तानमा निर्वाचन आयोगको आफ्नै अलग्गै सेवा रहेको छ । यसले त्यहाँका कर्मचारीमा संस्था प्रतिको लगाव, जिम्मेवारीवोधको तह, कार्य सम्पादनमा व्यवशायिकताको तह निकै उच्च रहेको पाइयो । त्यसै गरी आफ्नै मुलुक वा विभिन्न मुलुकका उच्च तहका अधिकारीको भ्रमण व्यवस्थापनका लागि प्रोटोकल महाशाखाको व्यवस्था गरी विभिन्न तहका प्रोटोकल अफिसरहरु कार्यरत रहने गरेको पाइयो । हाम्रो मुलुक पनि संघीयतामा गइसकेको र आयोगको कार्य जिम्मेवारी थप फराकिलो भएको सन्दर्भमा अलग्गै निर्वाचन सेवाको गठन हुन सके संस्थागत संझना (Institutional Memory) बलियो हुनुका साथै कार्यसम्पादनको तह थप प्रभावकारी हुने देखिन्छ ।
2. शुद्ध मतदाता नामावली स्वतन्त्र निर्वाचनको प्रमुख आधार हो । पाकिस्तानमा नागरिकहरुको विवरण अद्यावधिक गर्न कम्प्यूटरकृत राष्ट्रिय परिचय पत्र लागू गरी यसलाई प्रत्येक सार्वजनिक सेवा,सुविधा प्राप्त गर्न अनिवार्य गरिनुका साथै मतदाता दर्ता र मतदानको लागि

अनिवार्य गरिएको छ । यसले गर्दा दोहोरो दर्ता वा काल्पनिक दर्ताको अवस्था शून्य छ । हाम्रो मुलुकले पनि मतदाताको दोहोरो दर्ता र काल्पनिक दर्तालाई निरुत्साहित गर्न नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गरेको छ । बायोमेट्रिक डाटा लिइएको , फोटो सहितको मतदाता नामावली तयार भएको र मतदाताको पहिचानको लागि मतदाता परिचय पत्र वितरण भएको भएपनि यसमा सुधार गर्नुपर्ने धेरै विषय छन् । दीर्घकालमा राष्ट्रिय परिचय पत्र र मतदाता दर्ताको कार्यलाई आपसमा आवद्ध गरी शुद्ध मतदाता नामावली बनाउन पाकिस्तानले अपनाउदै आएको अभ्यास फलदायी हुने देखिन्छ ।

3. संविधानले निर्वाचन आयोगलाई प्रदेश सभाको निर्वाचनको समेत जिम्मेवारी दिएको छ । यसर्थ प्रदेश तहमा समेत आयोगको संगठन संरचना रहन आवश्यक भएकोले मतदाता नामावली छपाई, परिचयपत्र छपाई, सम्बन्धित प्रदेशको निर्वाचनका लागि सामग्री व्यवस्थापन समेत गर्न सक्ने गरी रा.प. प्रथम श्रेणीको अधिकारीको नेतृत्वमा प्रदेश कार्यालय र आवश्यकता अनुसार रा.प. द्वितीय र तृतीय श्रेणीका अधिकारीको नेतृत्वमा जिल्ला निर्वाचन कार्यालयहरु रहने गरी संगठनको पुनर्संरचना गर्न सान्दर्भिक हुने देखिन्छ ।

4. पाकिस्तानको निर्वाचन आयोगले मतदाताले अफ्नो नाम दर्ता भए नभएको कुरा घरमै वसी मोवाइलबाट SMS मार्फत थाहा पाउन सक्ने व्यवस्था गरिएको छ । यसबाट मतदाताले सहज रुपमा सूचना पाउनुका साथै आयोग र मतदाता बीचको सम्बन्ध र विश्वासमा अभिबृद्धि भएको, दर्ता प्रतिशतमा बृद्धि भएको पाइयो । यो अभ्यास हाम्रो मुलुकमा समेत अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ ।

5. मतदाता दर्ता वा अद्यावधिक गर्दा मतदाताले बुझाएका सम्पूर्ण कागजातहरू Scan गरी राख्ने गरिएको र भविष्यमा कुनै समस्या देखिएमा Document लाई पुनःपरीक्षण गर्ने गरिएको पाइयो । यो अभ्यास हाम्रो मुलुकमा समेत अवलम्बन गर्न उपयुक्त हुने देखिन्छ ।

6. पाकिस्तानले नेशनल एशेम्ब्लीको लागि मिश्रित निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने प्रणाली र सूचीमा आधारित समानुपातिक प्रणाली) अवलम्बन गरेको छ । समानुपातिकबाट निर्वाचित हुने सिट संख्याका लागि राजनतिक दलले प्राप्त गरेको सिट सरंख्याको अनुपातलाई आधार मानिन्छ । यसले गर्दा मतदाताले पहिलो हुने निर्वाचित हुने प्रणालीको लागि निर्धारित एउटामात्र मतपत्रमा मतदान गर्छन । यसले गर्दा मतदान प्रक्रिया सहज, कम खर्चिलो,कम झण्झटिलो भएको छ । हाम्रो मुलुकको सन्दर्भमा पनि समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा बन्दसूचीमा समेटनुपर्ने समूहको संख्या अधिक भएको र संसदमा महिला प्रतिनिधित्वको प्रतिशत ३३ प्रतिशत हुनुपर्ने व्यवस्था रहेको

सन्दर्भमा देखिएका विभिन्न जटिलताको समाधान गर्न यो अभ्यास अवलम्बन गर्न उपयुक्त हुनसक्ने भएकोले यस विषयमा छलफल गर्न आवश्यक देखिन्छ ।

7. पाकिस्तानमा मतदान स्थलमै मतगणना गरी नतिजा सार्वजनिक गर्ने र मतगणना परिमाण एन्ड्रोइड मोवाइल एप्लिकेसनवाट समेत सवैले हेर्न सकिने व्यवस्था गरिएको छ । यसले गर्दा निर्वाचन परिणाम छिटो सार्वजनिक हुने, मतपेटिका र कागजात सुरक्षित रुपमा निर्वाचन अधिकृतको कार्यालयमा ल्याउन सहज र मितव्ययी हुने तथा सरोकारवालाहरुले सहजै निर्वाचन परिणाम थाहापाउन सक्ने भएको छ । हाम्रो मुलुकमा पनि स्थानीय निकायको निर्वाचनमा मतदान केन्द्रमा नै मतगणना गरी नतिजा सार्वजनिक गर्ने अभ्यास छदैछ । यो अभ्यासलाई सबै तहको निर्वाचनमा अपनाउन सके प्रभावकारी हुने देखिन्छ ।

## .२०.विविध

डिसेम्वर २४ देखि ३१ सम्म पाकिस्तानको निर्वाचन आयोगको भ्रमण गर्ने सिलसिलामा भ्रमण दलले कराची, लाहोर र इश्लामावादको भ्रमण गरेको थियो । कराचीको हमाद अन्तराष्ट्रिय विमानस्थलमा भ्रमण टोलीलाई सिन्ध प्रान्तका प्रोभियन्सियल इलेक्सन कमिसनर Tanveer Zaki र निर्वाचन आयोग, पाकिस्तानका डेपुटी डाइरेक्टर नइम अहमद लगायतका अधिकारीहरुले स्वागत गर्नुभएको थियो ।

डिसेम्वर २५ पाकिस्तानका राष्ट्रपिता महोमद जिन्नाको जन्म दिनको अवसरमा वहाँको स्मारक स्थलमा आयोजित सम्मान कार्यक्रममा निर्वाचन आयोग नेपालका प्रमुख निर्वाचन अयुक्त डा. अयोधी प्रसाद यादवलाई प्रमुख अतिथिकोरुपमा सम्मान गर्दै गार्ड अफ अनर प्रदान गरिएको थियो । सो अवसरमा डा. यादवले स्मारक स्थलमा राखिएको पुस्तिकामा हस्ताक्षर समेत गर्नु भई पाकिस्तानका राष्ट्रपिता प्रति सम्मान प्रकट गर्नुका साथै मिडियालाई छोटो अन्तर्वार्ता समेत दिनुभएको थियो ।

कराची भ्रमणको क्रममा त्यहाँस्थित सिन्ध प्रान्तको प्रान्तीय निर्वाचन आयुक्तको कार्यालय, जिल्ला निर्वाचन आयुक्तको कार्यालयको स्थलगत भ्रमण गरी निर्वाचन क्रियाकलापका बारे जानकारी प्राप्त गरिनुका साथै आपसी अनुभवहरु आदान प्रदान र नमूना मतदानको अवलोकन गरिएको थियो ।

भ्रमण दलले डिसेम्बर २७ का दिन पञ्जाव प्रान्तको  लाहोरस्थित प्रान्तीय निर्वाचन आयुक्तको कार्यालयको अवलोकन गर्नुको साथै निर्वाचनका सिलसिलामा सम्पादन गरिने विभिन्न क्रियाकलाप, स्थानीय तहको निर्वाचनका बारे छलफल गर्नुका साथै आपसी अनुभवहरुको आदान प्रदान गरिएको थियो ।

भ्रमण टोलीले डिसेम्बरको २९ र ३० गते इस्लमावादको भ्रमण गरेको थियो । डिसेम्वर २९ मा पाकिस्तानका प्रमुख निर्वाचन आयुक्त Justice Sardar Muhammad Raza र अन्य सदस्य आयुक्त संग भेटघाट तथा छलफल भएको थियो । छलफलका क्रममा नेपालको तर्फवाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवले नेपालको पछिल्लो राजनैतिक विकासक्रम नयां संविधानमा निर्वाचन आयोगको भूमिका लगायतका विषयमा जानकारी गराउनु भएको थियो ।

सोही दिन पाकिस्तानको तल्लो सदन सिनेटका उपाध्यक्ष Molana Abdul Ghafoor Haideri संग भेटघाट को साथै छलफल भएको थियो । उक्त कार्यक्रममा पाकिस्तानका विभिन्न राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने पांच जना सिनेटरहरुको समेत उपस्थिति थियो । उक्त कार्यक्रममा सिनेटरहरुले नेपालको नयां संविधान र त्यसले गरेका व्यवस्था, निर्वाचन आयोगको भूमिका, राजनैतिक दल दर्ताको अवस्था, महिला सहभागिता आदिबारे  विभिन्न जिज्ञासा राखेका थिए भने माननीय प्रमुख आयुक्तज्यूबाट त्यसको संवोधन भएको थियो । पाकिस्तानमा राजनीतिक दलहरुलाई मतदाता नामावलीको सफ्टकपि दिने अभ्यास रहेनछ । हाम्रो मुलुकमा यो अभ्यास रहेको जानकारी गराउँदा पाकिस्तानमा पनि यो प्रचलनको थालनी हुनुपर्नेबारे सिनेटरहरुबीच आपसमा कुराकानी भएको थियो ।

पाकिस्तानको निर्वाचन आयोगमा आयोजित छलफल र अन्तरक्रियामा निर्वाचन आयोग पाकिस्तानको सांगठनिक संरचना, काम ,कर्तव्य र अधिकार, कर्मचारी व्यवस्थापन, निर्वाचन सञ्चालन पद्धति, मतदाता नामावली तयारी, निर्वाचनमा प्रविधिको प्रयोग,निर्वाचन र जेण्डर आदि विषयमा जानकारी प्राप्त गरिएको थियो । इस्लामावादमा मतदाता नामावली  दर्ता र छपाईसम्वन्धी कार्यको अवलोकन गर्न उक्त कार्यमा संलग्न NADRA र मतपत्र छपाईको विषयमा अवलोकन गर्न पाकिस्तान प्रिन्टिङ कर्पोरेसनको स्थलगत अवलोकन भ्रमण समेत गरिएको थियो ।


भ्रमणको क्रममा डिसेम्वर ३०, मो त्यहाँ स्थित नेपाली राजदूतावासको भ्रमण गरएको थियो । उक्त अवसरमा पाकिस्तानका लागि नेपालका महामहिम राजदुत भरत राज पौडेल लगायतका कर्मचारीसंग भेटघाट तथा विविध विषयमा छलफल गरिएको थियो ।

पाकिस्तान भ्रमणको क्रममा लाहोर , इश्लामावाद र रावलपिण्डीका ऐतिहासिक स्थल र म्यूजियमको भ्रमण गर्ने अवसर प्राप्त भएको थियो । लाहोर, रावलपण्डिमा पर्ने प्रसिद्ध ऐतिहासिक स्थल तक्षशिला (Taxila) र इश्लामावादका म्यूजियममा बुद्ध तथा हिन्दू धर्मसंग सम्बन्धित विभिन्न ग्रन्थ, मूर्ति, काष्ठकला र अरु पुरातात्विक बस्तुहरुको अत्यन्त उच्च महत्वका साथ संरक्षण गरेको अवलोकन गर्न पाइयो ।


यसै दिन वेलुका निर्वाचन आयोग पाकिस्तानका प्रमुख निर्वाचन आयुक्तले नेपालका प्रमुख निर्वाचन आयुक्तको सम्मानमा विदाई भोजको आयोजना गर्नु भएको थियो ।

पाकिस्तान भ्रमणको क्रममा  निर्वाचन आयोग पाकिस्तानका डेपुटी डाइरेक्टर श्री नइम अहमद र डेपुटी डाइरेक्टर श्री अव्दुल कयूम खानले पुरयाएको सहयोग र राजदूतावासबाट प्राप्त सहचार्य स्मरणीय छ ।

अनुसूची १ : निर्वाचन आयोग, पाकिस्तानको सङ्गठन संरचना




## प्रान्तीय निर्वाचन आयोगको संगठनात्मक संरचना




## क्षेत्रीय तहको संगठनात्मक संरचना

# REGIONAL SETUP




## जिल्ला तहको संगठनात्मक संरचना

# DISTRICT SETUP



## अनुसूची-२

## निर्वाचन आयोग पाकिस्तानमा रहेका विभिन्न तहका पदनाम

| तह | स्तर | पदनाम | कैफियत |
|---|---|---|---|
| २२ | सचिव | Secratory | |
| २१ | सहसचिव | Director General /. Provencial Election Commissioner | |
| २० | उपसचिव | Assistence. DG/Joint Provencil election Commissioner | |
| १९ | उपसचिव | Director ./Regional Election Commissioner | |
| १८ | उपसचिव | Deputy Director / District Election Commissioner | |
| १७ | अधिकृत | Assis. Director/ Election Officer | |
| १ देखि १६ | सहायक | Office Assist.⁄Official | |

# केही तस्वीर



माननीय कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादवलाई स्वागत गर्दै निर्वाचान आयोग, पाकिस्तानका सचिव र अन्य उच्च अधिकारीहरु



निर्वाचन आयोग,पाकिस्तानका प्रमुख निर्वाचन आयुक्त,आयुक्तहरु र अन्य उचच अधिकारीहरुसँगको छलफल



मा. कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र पाकिस्तानको संसदको माथिल्लो सदन सिनेटका उपप्रमुख Molana Abdul Ghafoor Haideri एवम सिनेटरहरुबीचको भेटघाट र छलफल



मा. कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र पाकिस्तानको सिनेटका उपप्रमुख मौलाना ( दायाँबाट तेस्रो) संगको सामूहिक तस्वीर



मा. कार्यवाहक प्रमुख निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव पाकिस्तानका लागि नेपालका महामहिम राजदूत भरतराज पौडेलसंग



पञ्जाव प्रान्तका प्रान्तीय निर्वाचन आयुक्त र अन्य  कर्मचरहिरुसंगको छलफल




पञ्जाव प्रान्तका प्रान्तीय निर्वाचन आयुक्त (बायाँबाट तेस्रो) र अन्य कर्मचारीहरुसंग



लाहोर म्यूजियमको अवलोकन गर्दै मा. कार्यबाह निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव



वादशाही मस्जित अवलोकनको क्रममा, लाहोर पाकिस्तान



राष्ट्रपिता मोहमद जिन्नाको स्मारकमा श्रद्धान्जली पश्चात पुस्तिकामा हस्ताक्षर गर्दै मा. प्रमुख निर्वाचन आयुक्त ज्यू,




सिन्ध प्रान्तको प्रान्तीय निर्वाचन आयुक्तको कार्यालयमा त्यहाँका आयुक्त र अन्य कर्मचारीहरुसंगको छलफल



मा. कार्यवाहक प्रमुख आयुक्त र भ्रमणदलका सदस्यहरु प्रान्तीय निर्वाचन आयुक्तको कार्यालय, सिन्धमा नमुना मतदानको अवलोकन गर्दै




**पाकिस्तानको राष्ट्रिय झण्डा र निर्वाचन आयोगको झण्डा**




मतदाता नामावली



मतपेटिका (नेशनल एसेम्ब्ली र प्रदेश सभाका लागि एकै पटक मतदान हने)



मतसंकेत गर्ने गोप्य कक्ष



लाहोरको म्यूजियममा रहेको भगवान गणेशको  प्रस्तर मूर्ति र गणेशबारेको जानकारीमूलक सामग्री



पाकिस्तानको इश्लामावादस्थित राष्ट्रिय स्मारक



**लाहोरको सडक आइल्याण्डमा रहेको गञ्ज  (परेवाको गुँड)**